स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक

# नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक



सवीर श्रेष्ठको निर्देशनमा बन्न लागेको फिल्म '३६ को आँकडा'मा मुख्य कलाकारको 'लाइनअप' पूरा भएको छ । रेखा थापा, पूजा शर्मा र महेश त्रिपाठीपछि अब फिल्ममा अभिनेता पुष्प खड्का भित्रिएका छन् । उनीसँग निर्माण पक्षले यसै साता लिखित सम्झौता गरेको हो । फिल्ममा पुष्पको जोडी पूजासँग बाँधिनेछ । पुष्पले फिल्ममा काम नगरेको दुई वर्ष भइसकेको छ । पुष्प भन्छन्, 'अब यति लामो 'ब्रेक' लिन्नँ । सम्भवतः यस वर्ष २-३ वटा फिल्ममा काम गर्न सक्छु । सुरुमा '३६ को आँकडा' गर्नेछु ।'

**आजको विचार...**



राम कार्की

भगवती...
(दुई पेजमा)

माइकल चन्दको निर्देशनमा बन्न लागेको एक्सन प्रधान फिल्म 'राम नाम सत्य'को शुभसाइत गर्दै प्रदर्शन मिति घोषणा गरिएको छ । एक पोस्टर सार्वजनिक गर्दै आगामी चैत २७ गतेबाट फिल्म प्रदर्शनमा आउने जानकारी गराइयो । सार्वजनिक पोस्टरमा फिल्मका मुख्य अभिनेता विराज भट्टलाई मात्र प्रस्तुत गरिएको छ । उनलाई रगताम्मे अवस्थामा देख्न सकिन्छ । केही दिनमा काठमाडौंबाट छायांकन सुरु हुने फिल्ममा विराजसहित सुशील श्रेष्ठ, दिव्या रायमाझी, आयुष सिंह ठकुरी, सुपुष्पा भट्ट, खुशी कार्की, सुनिल थापा, अर्पण थापा, कनिज कोइराला, रवि गिरी, दिनेश डिसी लगायतको अभिनय रहनेछ ।



❒ वर्ष ३१ ❒ अंक ३० ❒ २०८२ साउन ३१ गते शनिबार 16 August 2025, Saturday ❒ पृष्ठ संख्या ४ मूल्य रू ५/-

## संक्षिप्त समाचार

### बाढीका कारण ६० जनाको मृत्यु

(रासस/एएफपी)

**श्रीनगर(भारत),** साउन ३०/ काश्मीरमा आएको बाढीका कारण कम्तीमा ६० जनाको मृत्यु भएको पुष्टि गर्दै उद्धार कार्य जारी रहेको भारतीय उद्धार टोलीले शुक्रबार जनाएका छन् । कश्मीरको किश्तवार जिल्लाको हिमाली गाउँमा भारी वर्षापछि आएको बाढीले गर्दा हिन्दू तीर्थयात्रीसहित दर्जनौं बेपत्ता भएको उनीहरुले जनाएका छन् । उद्धार टोलीका अनुसार या महिना भारतमा यो वर्ष आएको दोस्रो ठुलो घातक बाढीजन्य प्रकोप हो ।

अधिकारीहरूले चिसोटी गाउँस्थित अस्थायी भान्साबाट १०० भन्दा बढी तीर्थयात्रीहरूलाई बगाएको कस्मिरका मुख्यमन्त्री उमर अब्दुल्लाहले बताएका छन् । बाढीले पहाडबाट झारेको माटो, ठुला ढुङ्गाहरू र भग्नावशेषहरू उत्खनन गर्न आवाश्यक मेसिन तथा सैनिकहरू 'कठोर मौसम र दुर्गम भूभागको सामना गर्दै घाइतेहरूको उद्धारमा संलग्न रहेको' जनाइएको छ । विपद् व्यवस्थापनका एकजना शीर्ष अधिकारी मोहम्मद इर्शादलाई उदृत गर्दै एएफपीले '६० जनाको मृत्यु भएको रेकर्ड गरिएको' उल्लेख गरेको छ । "बेपत्ता व्यक्तिहरूको खोजी तीव्र पारिएको जनाउदै इर्शादले करिब ५० जना गम्भीर घाइतेहरूलाई अस्पताल लगिएको बताएका छन् । गत अगस्ट ५ मा भारतको उत्तराखण्डमा आएको बाढी जन्य प्रकोपबाट मृत्यु हुनेको सङ्ख्या ७० भन्दा बढी पुगेको छ ।

# आज 'श्रीकृष्ण जन्माष्टमी', भगवान श्रीकृष्णको पूजा-आराधना गरी मनाइँदै

हाम्रा संवाददाता

**पाल्पा,** साउन ३०/भाद्र कृष्ण अष्टमीका दिनमा प्रत्येक वर्ष मनाइने श्रीकृष्ण जन्माष्टमी पर्व आज भगवान् श्रीकृष्णको पूजा आराधना गरी मनाइँदैछ ।

ज्ञानयोग, कर्मयोग र भक्तियोगका प्रणेता भगवान् श्रीकृष्णको जन्म द्वापरयुगको अन्त्यतिर भाद्रकृष्ण अष्टमीको मध्यरातमा भएको सम्झनामा आजको दिनमा श्रीकृष्ण जन्माष्टमी पर्व मनाउने गरिएको हो ।

यस दिन देशभरिका कृष्ण मन्दिरमा भगवान् श्रीकृष्णको पूजा-आराधना, प्रवचन, भजनकीर्तन गर्नाका साथै विशेष गरी महिला, पुरुष 'व्रत' बसी रातभर जाग्राम बस्ने प्रचलन छ ।

अन्याय, अत्याचार र राक्षसी प्रवृत्तिबाट सम्पूर्ण मानवको रक्षा गर्न भगवान् विष्णुको आठौं अवतारका रूपमा जन्मिएका श्रीकृष्णले आजीवन सत्यको पक्षमा रही सत्कर्मका लागि मानव समुदायलाई प्रेरित गरेका थिए । कुरुक्षेत्रमा कौरवसँगको लडाइँमा संलग्न पाण्डवमध्येका अर्जुनलाई उपदेश दिने क्रममा स्वयं भगवान् श्रीकृष्णका मुखारविन्दबाट व्यक्त 'श्रीमदभागवतगीता' पवित्र ग्रन्थ मानिन्छ । छोटकरीमा गीता नामले समेत चिनिने यो ग्रन्थ विश्वमै सबैभन्दा बढी भाषामा अनुवाद भएको विश्वास गरिन्छ । कृष्ण जन्माष्टमीको दिन विभिन्न धार्मिक संघसंस्थाले झाँकीसहित शोभायात्रा निकाल्ने श्रीकृष्णको विभिन्न रूप दर्शाएको सचित्र झुला झुलाउने चलन छ । श्रीकृष्ण जन्माष्टमीको अवसरमा मुलुकभरका कृष्ण मन्दिरहरूमा भगवान् श्रीकृष्णको पूजा-आराधना, प्रवचन, भजनकीर्तन गर्ने र मेला लाग्ने गरेको छ । आजको दिनमा विशेष गरी महिलाहरु ब्रत बसी राति १२ बजे श्रीकृष्ण जन्मिएको सम्झनामा पूजा लगाउने र रातभर जाग्राम बसेर श्रीकृष्णको भक्ति संगीत गाउने गर्दछन् । यसो गरेमा श्रीकृष्ण प्रशन्न भई मनोकामना पूरा हुने धार्मिक विश्वास छ । श्रीकृष्णलाई महाभारतको युद्धमा मुख्य पात्रको रूपमा लिइन्छ । अत्यन्तै कूटनीति गर्न जान्ने श्रीकृष्णलाई धूर्त र छलीका रूपमा पनि नेवारी समाजमा लिइँदै आइएको छ । हरेक वर्ष कृष्णाष्टमीका दिन विभिन्न कार्यक्रम र जात्रा गरी मान्दै आएका श्रीकृष्णलाई द्वापर युगदेखि मान्दै आएको मानिन्छ । कृष्ण जन्माष्टमीको अर्को दिन पाल्पाको तानसेनमा रणउजेश्वरी भगवतीको जात्रा निकाल्ने गरिन्छ । नेपालले अंग्रेजलाई पराजय गरेको उल्लासमा यहाँ हरेक वर्ष कृष्णजन्माष्टमीको भोलिपल्ट ऐतिहासिक भगवती जात्रा (रथयात्रा) निकाल्ने परम्परा छ । सोही अनुरुप भदौ १ गते २ सय ६ औं भगवतीको रथ निकाल्न तयारी भइरहेको छ ।



## रकम हिनामिनाको आरोपमा सहकारी व्यवस्थापक पक्राउ

**पाल्पा,** साउन ३०/जिल्लाको रम्भा गाउँपालिका-४ मा मुख्य कार्यालय रहेको लालीगुँरास बचत तथा ऋण सहकारी संस्थाका व्यवस्थापक विष्णुबहादुर बमरेल पक्राउ परेका छन् ।

सहकारीको २ करोड ८७ लाख ५७ हजार रुपैयाँ बचत हिनामिना गरेको आरोपमा बमरेल पक्राउ परेका हुन् । लुम्बिनी प्रदेश सहकारी रजिस्ट्रार कार्यालयको अनुसन्धानपछि तयार पारेको प्रतिवेदन अनुसार जिल्ला प्रहरी कार्यालय पाल्पाले उनलाई पक्राउ गरेको हो ।

सहकारी ठगी कसुर सम्बन्धी मुद्दामा उनलाई पक्राउ गरिएको जिल्ला प्रहरी कार्यालयका प्रमुख पवनकुमार भट्टराइले बताए । उनले भने,'सहकारी संस्थामा कार्यकारी प्रमुख तथा व्यवस्थापक भई काम गर्ने क्रममा सर्वसाधारण शेयर सदस्यहरुले वचत गरेको रकम गैरकानूनी तवरबाट आफ्नो व्यक्तिगत पारिवारीक प्रयोजनमा दुई करोड ८७ लाख ५७ हजार ७ सय ४० रुपैयाँ खर्च गरी सहकारी ठगी गरेको भन्ने जाहेरी परेपछि पक्राउ गरिएको हो ।' बमरेललाई पक्राउ गरी अहिले थप अनुसन्धान भइरहेको छ । बमरेलले कार्यकारी प्रमुख तथा व्यवस्थापक भएर लामो समय काम गरेका थिए । उनलाई सहकारी रकम अपचलन गरेको आरोप लागेपछि २०८१ माघ २६ गते व्यवस्थापकको जिम्मेवारीबाट हटाइएको थियो ।

अनुसन्धान गर्दै जाँदा रकम अपचलन भएको थाहा भएपछि प्रहरीमा उजुरी दिइएको सहकारीका अध्यक्ष सुवि विश्वकर्माले बताए । उनले भने,'प्रदेश सहकारी रजिस्ट्रार कार्यालयबाट आएको प्रतिनिधि टोलीले समेत कागजात अनुसन्धान गरी रकम अपचलन गरेको पुष्टि गरेको छ ।' २०६५ सालमा स्थापना भएको सहकारीमा करिब ३ हजार ५ सय शेयर सदस्यहरु रहेका छन् । सहकारीले रम्भा, पूर्वखोला, बगनासकाली र माथागढी गाउँपालिकामा बचत तथा ऋणको कारोबार गर्दै आएको छ । रकम हिनामिना भएपछि बचतकर्ताले बचत रकम फिर्ता गर्न सञ्चालक समितिलाई दबाब दिँदै आएका छन् ।

## छुट्टाछुट्टै सवारी दुर्घटनामा चार जनाको मृत्यु

**पाल्पा,** साउन ३०/देशका विभिन्न स्थानमा भएका छुट्टाछुट्टै सवारी दुर्घटनामा चार जनाको मृत्यु भएको छ । केन्द्रीय प्रहरी समाचार कक्षका अनुसार सर्लाही, तनहुँ, मोरङ, नवलपरासी पूर्वमा भएका छुट्टाछुट्टै सवारी दुर्घटनामा चार जनाको मृत्यु भएको हो ।

नवलपरासी पूर्वको मध्यबिन्दु नगरपालिका-८ फुलबारीस्थित सडकमा मिनिट्रक र मोटरसाइकल एक आपसमा ठक्कर खाई दुर्घटना हुँदा एक जनाको मृत्यु भएको छ । बा.प्र.०६-००१ क ०४४४ नम्बरको मिनिट्रक र बा.७६ प २७१७ नम्बरको मोटरसाइकल एकआपसमा ठक्कर खाई दुर्घटना हुँदा मोटरसाइकल चालक सोही नगपालिका-१ बस्ने ३५ वर्षीय राज कुमार बोहराको मृत्यु भएको हो । दुर्घटनामा गम्भीर घाइते भएका उनको मध्यबिन्दु प्रादेशिक अस्पताल डण्डामा उपचारको क्रममा मृत्यु भएको प्रहरीले जनाएको छ । साथै दुर्घटनामा घाइते भएका मोटर साइकलमा सवार १ जनाको चितवन मेडिकल कलेज भरतपुरमा उपचार भइरहेको छ । यस्तै तनहुँको बन्दिपुर गाउँपालिका-४ ठुलढुङ्गास्थित सडकमा ईभी गाडी एकआपसमा ठक्कर खाई दुर्घटना हुँदा एक जनाको मृत्यु भएको छ । ग.१ ख ७३२९ नम्बरको बस र बा.०१-००६ ख ६५०३ नम्बरको ईभी गाडी एकआपसमा ठक्कर खाई दुर्घटना हुँदा ईभी चालक धादिङ निलकण्ठ नगरपालिका-१४ बस्ने ३३ वर्षीय रमेश अवस्थीको मृत्यु भएको हो । दुर्घटनामा गम्भीर घाइते भएका उनको सिएमसी अस्पताल चितवनमा उपचारको क्रममा मृत्यु भएको केन्द्रीय प्रहरी समाचार कक्षले जनाएको छ । दुर्घटनामा घाइते भएका बस तथा ईभीमा सवार मध्ये ८ जनाको सिएमसी अस्पताल चितवनमा, ३ जनाको मणिपाल अस्पताल पोखरा र १ जनाको लक्ष्मी अस्पताल डुम्रेमा उपचार भइरहेको छ ।




...बाँकी अन्तिम पेजमा

पा.जि.हु.द.नं. ०५१/०५२ पा.जि.प्र.का.द.नं. १९/०५१/०५२

जनचेतना

# सम्पादकीय

## श्रीकृष्ण जन्माष्टमीको सन्दर्भ

**भाद्र कृष्ण अष्टमीका दिनमा प्रत्येक वर्ष मनाइने श्रीकृष्ण जन्माष्टमी पर्व आज भगवान् श्रीकृष्णको पूजा आराधना गरी मनाइँदैछ । ज्ञानयोग, कर्मयोग र भक्तियोगका प्रणेता भगवान् श्रीकृष्णको जन्म द्वापरयुगको अन्त्यतिर भाद्र कृष्ण अष्टमीको मध्यरातमा भएको सम्झनामा आजको दिनमा श्रीकृष्ण जन्माष्टमी पर्व मनाउने गरिएको हो ।**

**नेपालका हिन्दु धर्मावलम्बीमात्रै नभएर श्रीकृष्णबाट प्रेरणा लिनेसँगै प्रभावित हुने विश्वभरका भक्तजनहरुले समेत आजको दिनलाई विशेष बनाउँदै उनको जन्मदिन मनाउँछन् । कृष्णको जन्म भएको खुसीयालीमा व्रतालुहरु रातभरि नै जाग्राम बसेर उनीसँग सम्बन्धित रहेर प्रचलित भएका कथा, प्रवचन श्रवण गर्नेमात्रै नभएर उनका भजनकीर्तनमा समेत लीन भैरहेका हुन्छन् । शास्त्रका आधारमा हेर्दा वासुदेव र देवकीको आठौं गर्भको रुपमा द्वापरयुगको अन्त्यतिर श्रीकृष्ण भगवानको जन्म भएको थियो । मानवका रुपमा उनी जन्मिए पनि उनलाई भगवानकै रुपमा अवतरित भएको मानिन्छ । दुष्टहरुको विनाश गर्ने उद्देश्यसँगै सज्जनहरुको रक्षाका लागि उनी विष्णु भगवानको अवतारका रुपमा पृथ्वीमा आगमन भएको विश्वास निकै शक्तिशाली छ । मानव भएर जन्म लिए पनि श्रीकृष्णलाई हिन्दु धर्मावलम्बीहरुले आफ्नो आदर्श र आस्थाका रुपमा पुज्दै आएका छन् । आजभोलि श्रीकृष्ण जन्माष्टमी विशेष पर्वका रुपमा समेत विकसित भैरहेको छ । जतिजति आधुनिकताले प्रवेश पाउँदै गए पनि यसप्रति रहेको आकर्षण र सम्मोहनमा कमी आउन सकेको छैन । कृष्ण जन्माष्टमी हिन्दूहरुको प्रमुख चाड मध्येमा पर्छ । यस चाडमा मुख्य महत्व राम्रो काम गर्नेलाई प्रोत्साहित गर्ने र नराम्रा कामको हतोत्साहित गर्ने हो । एकताको लागि पनि कृष्णाष्टमी मनाइन्छ । यो पवित्र चाड मानिसको बीच भाइचारा वृद्धि हुन्छ । यसकारण जन्माष्टमीलाई एकताको प्रतिक मानिएको छ । श्रीकृष्ण जन्माष्टमीको रातलाई मोहरात्री पनि भनिन्छ । उक्त रातमा श्रीकृष्णको ध्यान, नाम वा मन्त्र जप्दा संसारको माया मोह र आशक्ति हटाउन सक्छ । जन्माष्टमीको व्रत व्रतराज हो । यसको विधिपुर्वक पालन गर्दा अन्य व्रतबाट प्राप्त हुने महान पुण्यराशि प्राप्त गर्न सकिने धार्मिक मान्यता रहेको छ । विविध धर्म, संस्कृति, परम्परा तथा रीतिरिवाज हाम्रो सभ्यता र सम्पन्नताका सूचक भएकाले हाम्रो धार्मिक सहिष्णुता तथा आपसी सद्भाव कायम गर्नका लागि पनि यो पर्वको महत्वपूर्ण भूमिका रहने गर्दछ । मानवको रक्षाका लागि उनको अवतार भएको यथेष्ट प्रमाणहरुका आधारलाई हेर्दासमेत आजको उनको जन्मदिन धेरैका लागि अविस्मरणीय रहेको देखिन्छ ।**

## Opinion @ Social Network

केहि चोटहरू अदृश्य हुन्छन,
जहाँ दुखाई हुन्छ तर देखाई हुँदैन ।
*(उषा सुवेधीको फेसबुक स्टाटसबाट www.facebook.com/usha.subedi53)*

यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सक्नुहुनेछ ।

**नवजनचेतना दैनिक**को रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमूल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

**नवजनचेतना दैनिक**
भगवतीटोल तानसेन, पाल्पा

# भगवती खटयात्रा : राष्ट्रिय महत्वको गौरवमय जात्रा



राम कार्की
karki.ram123@gmail.com

*भगवती जात्राप्रति राज्य, नागरिक तहले गौरव गरिरहनुको महत्व हो जितगढी (रुपन्देही) र नुवाकोट (पाल्पा) किल्लामा भएको नेपाल -अंग्रेज युद्धमा नेपाली फौजको शानदार विजय । विश्वका कैयौ शक्तिशाली राष्ट्रहरुमा साम्राज्य स्थापित गरेको, आधुनिक हातहतियारले सुसज्जित विशाल अंग्रेज फौजलाई नेपाली फौजले पराजित गर्न सफल भएको किल्ला हो जीतगढी (रुपन्देही) र नुवाकोट (पाल्पा) । यो मोर्चाको युद्धमा पराजय भोग्न परेपछि ईष्ट ईण्डिया कम्पनी अर्थात् अंग्रेजहरु नेपालसँग सुगौली सन्धि गर्न राजी भएका हुन् ।*

पहाडकी रानी, सुन्दर नगरी पाल्पा सांस्कृतिक रुपमा अत्यन्त धनी जिल्ला हो । त्यसैले पाल्पालीहरु आ-आफ्ना परम्परागत पर्व, जात्रा मनाउन दत्तचित भएर जुटिरहेका छन् । सदरमुकाम तानसेन लगायत विभिन्न स्थानमा गाईजात्रा, रोपाइँ जात्रा, गणेश जात्रा आदि भव्यतापूर्वक सम्पन्न भईसकेका छन् । यिनै साँस्कृतिक बैभवका साथै धार्मिक आस्थाका धरोहर र प्राकृतिक सौन्दर्यले नै पाल्पालाई देश विदेशमा चिनाएको हो । भगवती जात्रा मोफसलको जिल्ला (पाल्पा, तानसेन) मा मनाईने भएपनि राष्ट्रिय महत्व बोकेको गौरवमय जात्रा पनि हो । सामान्यतया श्री ७ रणउजीरेश्वरी भगवती मन्दिरबाट निकालिने यो जात्रालाई सिन्दुर जात्रा भनिन्छ । यद्यपी यो जात्रा केवल जात्रा मात्र होइन राष्ट्रिय गौरबसँग जोडिएको विजयोत्सव हो, राष्ट्रवादी स्मृति जात्रा हो, पाल्पाले मात्र होईन सिंगो मुलुकले स्मरण गर्दै राष्ट्रिय सम्मानका साथ मनाउनु पर्ने जात्रा हो । किनकी नेपालको ईतिहासमा सुनौला अक्षरले लेखिएको छ जीतपुरमा नेपाली फौजले अंग्रेज फौजलाई पराजय गरेको परिघटना, त्यही जीतपुर विजयको स्मरणमा विजयोत्सवका रुपमा यो जात्रा गरिदै आएकोले यसको सम्बन्ध सिंगो राष्ट्रसँग छ, नागरिकको भावनासँग गाँसिएको छ, राष्ट्रियतासँग जोडिएको छ । तत्कालिन समयमा संसारकै शक्तिशाली अंग्रेज फौजलाई पराजित गरी नेपालको सार्वभौमसत्ता र भौगोलिक अखण्डताको रक्षा तथा राष्ट्रिय स्वाधिनता सुरक्षित गर्न नेपाली फौज सफल हुनु रोमाञ्चक मात्र होईन गौरव गर्नुपर्ने परिघटना हो ।

नेपाली फौजको युद्ध योजना, रणनीति र युद्धकौशलका अन्वेषकका लागि यो एउटा पाठशाला पनि हो । नेपालको राष्ट्रियता र नागरिकको भावनासँग गासिएको तथा नेपाली फौजको सान, वीरता र सौर्यको प्रतिविम्व विजय जात्राको रुपमा ईतिहासमा भगवती खटयात्रा दर्ज भएको छ । गौरवमय जितको स्मरण, स्वाभिमान युद्धका वीर योद्धाहरुको सम्मान, युद्धमा विजय प्राप्तिको खुसीयाली स्वरुप शुरु गरी उत्सवका रुपमा निरन्तर मनाईदै आएको विजय जात्रा हो भगवती खट यात्रा । त्यसैले जनमानसले यो जात्रालाई रणउजेश्वरी भगवती खटयात्रा, विजय यात्रा, सिन्दुर जात्रा, भगवती जात्रा जस्ता नामबाट चिन्ने, चिनाउने र उत्सवका रुपमा मनाउने गरेका छन् ।

**भगवती जात्राको शुरुवात :** भगवती देवीको शक्ति प्रति सदियौदेखि मानिसहरुमा विश्वास र आस्था रहेको पाईन्छ । तत्कालिन समयमा पाल्पाका फौजी कमाण्डरले महत्वपूर्ण जिम्मेवारी वहन गर्दै गर्दा भगवती देवीको पुजा गरी भाकल समेत गरेर युद्ध क्षेत्रतर्फ प्रस्थान गरेको सन्दर्भलाई मनन् गर्दा भगवती देवीको अत्यन्तै महिमा रहेको अनुमान गर्न सकिन्छ । श्री ७ रणउजीरेश्वरी भगवती प्रतिको आस्था अझ बढ्दै गईरहेको अनुभूति गर्न सकिन्छ । किनकी लाखौ भक्तजन भगवती जात्राको मेला भर्न आउनुका साथै राष्ट्राध्यक्ष, मन्त्री गण, प्रशासन, सेना, प्रहरीका प्रमुखहरु लगायत उच्च पदस्थ व्यक्तित्वसहित लाखौ मानिसहरु सिन्दुर जात्रामा सहभागी भएर भगवती देवीप्रति सम्मान जनाउने परम्परा जस्तै भईसकेको छ । भगवती देवीको महिमा धार्मिक आस्था मात्र होइन, यो नेपालको राष्ट्रिय गौरवसँग जोडिएको छ भन्ने नेपालको ईतिहासले नै पुष्टी गरेको विषय हो । भगवती जात्राप्रति राज्य, नागरिक तहले गौरव गरिरहनुको महत्व हो जितगढी (रुपन्देही) र नुवाकोट (पाल्पा) किल्लामा भएको नेपाल -अंग्रेज युद्धमा नेपाली फौजको शानदार विजय । विश्वका कैयौ शक्तिशाली राष्ट्रहरुमा साम्राज्य स्थापित गरेको, आधुनिक हातहतियारले सुसज्जित विशाल अंग्रेज फौजलाई नेपाली फौजले पराजित गर्न सफल भएको किल्ला हो जीतगढी ( रुपन्देही) र नुवाकोट (पाल्पा) । यो मोर्चाको युद्धमा पराजय भोग्न परेपछि ईष्ट ईण्डिया कम्पनी अर्थात् अंग्रेजहरु नेपालसँग सुगौली सन्धि गर्न राजी भएका हुन् । जुन सन्धिबाट नेपालको अधिनमा रहेका कैयौं भू-भाग गुमाउनु परे पनि नेपाल स्वतन्त्र, सार्वभौमसत्ता सम्पन्न राष्ट्रको रुपमा आफ्नो ऐतिहासिक अस्तित्व कायम राख्न सफल भएको थियो ।

पृथ्वी नारायण शाहले शुभारम्भ गरेको नेपालको एकीकरणको अभियान उनका उत्तराधिकारीहरुले अघि बढाईरहेका थिए । यसरी नेपालले एकीकरण अभियानलाई तिव्रता दिईरहेकोप्रति अंग्रेज पटक्कै खुशी थिएन । त्यसैबीच पाल्पा राज्यलाई नेपालमा गाभेपछि अंग्रेज शासक नेपालसँग अझ सशंकित भएका मात्र होईनन् की विभिन्न वहाना बनाएर निहुँ खोज्न उद्यत थिए । त्यतिकैमा अंग्रेज शासकले बुटवल र स्यूराजको सवाल उठाएर विवाद निकाल्नुको साथै एकतर्फी रुपमा नेपालका विरुद्ध युद्धको घोषणा गरेका थिए । तत्पश्चात वि.सं. १८७१ पुस १५ गते जीतगढी क्षेत्रमा पहिलो पटक नेपाल र अंग्रेज फौजबीच युद्ध भएको थियो । वि.सं.१८७१ -१८७२ सम्म गरी दुई पटक युद्ध हुँदा नेपाली फौजले विजयी प्राप्त गरेपछि अंग्रेज फौज गोरखपुरतर्फ फर्केको वताईन्छ । वि.सं. १८७२ बैशाख ७ गते जितगढी क्षेत्रको मोर्चामा नेपाली फौजले अंग्रेज फौजलाई पराजित गरी विजयको झण्डा फराउन सफल भएको दिनलाई स्मरण गर्दै हरेक वर्ष बैशाख ७ गते जीतगढी (रुपन्देही जिल्ला, वुटवल ) मा उत्सव मनाईने पनि गरेको छ ।

सोही जीतगढी युद्धमा जानु अघि पाल्पामा तैनाथ कर्णेल उजीरसिंह थापाले भगवती देवीको पुजा अर्चना गर्नुका साथै युद्धमा जित हासिल गर्न सफल भएमा ठूलो मन्दिर बनाएर सिन्दुर जात्रा गर्नेछु भनि भाकल गरेको ईतिहासमा उल्लेख पाईन्छ । कर्णेल उजिरसिंह थापाले जीतगढी युद्धमा नेपाली फौज विजय भएपश्चात वि.सं. १८७२ देखि १८७६ सम्ममा श्री ७ रणउजीरेश्वरी भगवती देवीको तिनतले मन्दिर निर्माण सम्पन्न गरेका र जीतगढी युद्धमा विजय प्राप्त गरेको स्मरण गर्दै वि.सं. १८७७ भाद्र नवमी अर्थात् कृष्ण जन्माष्टमीको भोलीपल्ट सिन्दुर जात्राको शुरुवात गरेको परम्परालाई आत्मसात गरेर उत्सवका रुपमा भगवती जात्रा मनाइँदै आएको छ । यसपटक पनि कृष्ण जन्माष्टमीको भोली पल्ट भाद्र नवमी भाद्र १ गते भगवती जात्रा मनाउन मन्दिर व्यवस्थापन समितिका साथै तिनै तहका सरकार, प्रशासन, सेना, प्रहरी लगायतका निकाय, संघ संस्था, आम जनसमुदाय तयारीमा जुटिरहेका छन् ।

**भगवती जात्रा प्रति राज्यको आकर्षण :** जिल्लामा संघीय सरकारको मुख्य प्रतिनिधिका रुपमा रहँदै आएका प्रमुख जिल्ला अधिकारी, नेपाली सेनाका प्रमुख सेनानी, मन्दिर व्यवस्थापन समितिका पदाधिकारीहरुले भगवती जात्रा पूर्व मध्यराती वली दिएर पुजाआजा गर्ने तथा जात्राका दिन पनि वली सहित पुजाआजा गरेपछि रथयात्रा प्रारम्भ गर्ने परम्परा रहेबाट राज्यको एउटा तहमा प्रत्यक्ष, सक्रिय सहभागिता रहँदै आएको देखिन्छ । केही यता चाहिं अझ उच्चस्तरमा सम्माननीय राष्ट्रपति, माननीय मुख्यमन्त्री, माननीय मन्त्री, माननीय सांसदहरु, नेपाली सेनाका प्रधानसेनापति समेत सिन्दुर जात्रामा सहभागी भई अवलोकन गर्ने गरेबाट जात्राको गरिमा झन् झन् बढेको मात्र होइन की यो जात्राले व्यवहारत राष्ट्रिय पर्वको मान्यता प्राप्त गरिसकेको छ भन्न सकिन्छ । यस्तै लुम्विनी प्रदेश सरकारले पनि केही वर्ष यता भगवती जात्राको दिन विदा दिने घोषणा गरेर राज्य संस्कृतिको संरक्षण र प्रवर्द्धनमा संवेदनशील रहेको प्रमाणित गरिसकेको छ ।

**पाल्पाली नागरिकको अपेक्षा :** नेपाली सेनाको बलिदानको गौरवमय इतिहास स्मरण गराउनुका साथै धार्मिक सदभाव, एकता र सांस्कृतिक वैभवलाई विश्वभर फैल्याउने साधनको भूमिका खेलेको छ भगवती जात्राले । जीतपुरमा विजय हुनु नै सार्वभौमसत्ता र भौगोलिक अखण्डताको रक्षा तथा राष्ट्रिय स्वाधिनता सुरक्षित गर्न नेपाली सेना सफल भएको परिघटना रहेको, राष्ट्रियतासँग जोडिएको, नागरिकको भावनासँग गाँसिएको, नेपाली सेनाको सान, वीरता र सौर्यको प्रतिकका रुपमा स्थापित भएको हुँदा भगवती जात्रालाई घोषित रुपमै राष्ट्रिय सम्मान दिईयोस् भन्ने चाहना हो पाल्पाली नागरिकको । तसर्थ भगवती खटयात्रालाई संघीय सरकारले राष्ट्रिय पर्वको मान्यता दिई उत्सवका रुपमा मनाउने घोषणा यथाशीघ्र गरेर जनभावनाको कदर गरोस् । पाल्पालीहरु यही निर्णयको पर्खाईमा छन् ।

अर्कोतर्फ कर्णेल उजीरसिंह थापाले वि.सं १८७२ -१८७६ मा सम्पन्न गरेको तिनतले भव्य मन्दिर विगत वि.सं. १९९० सालको भूकम्पबाट क्षतिग्रस्त भएकाले हालको अवस्थाको दुई तले मन्दिर निर्माण भएको अवस्था हो । यद्यपी अहिले मन्दिर अत्यन्तै जिर्ण भएकाले संघीय सरकारबाट तीन तले मन्दिर पुनर्निर्माण गर्ने योजना सहित बजेट विनियोजन हुनु स्वागतयोग्य कदम हो, यसको नागरिकबाट मुक्तकण्ठले प्रशंसा भईरहेको छ । अब मन्दिर पुनर्निर्माणको कार्य निर्धारित समयमै शुरु होस् र कार्य सम्पन्नका लागि किटान भएकै समयमा निर्माण कार्य सम्पन्न गर्न सफलता मिलोस् सरोकारवाला सबैलाई अग्रिम शुभकामना छ । भगवती खटयात्रा सदाजस्तै भव्य रुपमा सफल होस्, संस्कृतिको संरक्षण र संवर्द्धनमा टेवा पुगोस्, शुभकामना ! शुभकामना !! शुभकामना !!

**(लेखक राष्ट्रिय अनुसन्धान विभागका पूर्व अनुसन्धान निर्देशक समेत हुन् ।)**

## महत्वपूर्ण टेलिफोन

**प्रहरी कार्यालय**
बुटवल ०७१-५४०२२२
स.प्र.क्याम्प बुटवल ९७४७०४३४६९
बुटवल रामनगर ०७१-५४१२३३
भैरहवा ०७१-५२०१९९
अर्घाखाँची ०७७-५२११९९
गुल्मी ०७९-५२०१९९
परासी ०७८-५२०१९९
तौलिहवा ०७६-५६००९९
पाल्पा ०७५-५२०५३६, ५२०१९९
इप्रका रामपुर ०७५-६९१५१५
**अस्पताल कार्यालय**
लुम्बिनीसिटी अस्पताल ०७१-५५१५५७, ५५१५५८
लुम्बिनी अञ्चल अस्पताल ०७१-५४०२००, ५४०२०१
भिमअस्पताल भैरहवा ०७१-५२०१९३
मिसनअस्पताल पाल्पा ०७५-५२०१११, ५२०४८९
परिवार नियोजन संघ पाल्पा ०७५-५२०७२३
पाल्पा जिल्ला अस्पताल ०७५-५२०१५४
लुम्बिनी मेडिकल कलेज प्रभास ०७५-४११२०१
पिचन्द्र परासी ०७८-५२०१८८
भैरहवा आँखा अस्पताल ०७१-५२०२६५
अर्घाखाँची जिल्ला अस्पताल ०७७-५२०२५७
तम्घास जिल्ला अस्पताल ०७९-५२०१८८
तौलिहवा जिल्ला अस्पताल ०७६-५६०२००
सिद्धार्थबाल महिला अस्पताल ०७१-५४४४५०
बुटवल हस्पितल ०७१-५४६४३२
लुम्बिनी नर्सिङ होम ०७१-५४२६४१, ५४५६४१
रेडक्रस बुटवल ५४१००४
लायन्स आँखा उ. केन्द्र बुटवल ५४५८४५
मेडिटेक अस्पताल ५४९०७२
कान्तिपूर डेण्टल हस्पिटल ०७१-५४७८४०
आँखा अस्पताल पाल्पा:०७५-५२०३३३, ५२११७९
रामपुर अस्पताल: ०७५-४००१५४
**एम्बुलेन्स न.**
रोटरी क्लब बुटवल ०७१-५४४६००
लियो क्लब अफ बुटवल ०७१-५४५८९३
रेडक्रस भैरहवा०७१-५२०२६३
रेयुकाई भैरहवा ०७१-५२६६७३,९८४७०२२४६४
परासी ०७८-५२०१२५
रेडक्रस पाल्पा ०७५-५२०६००
रेडक्रस तौलिहवा ०७६-५६००१५
रेडक्रस अर्घाखाँची ०७७-४२०२७५, ४२०११७
रेडक्रस गुल्मी ०७९-५२०१६३
नेपाल परिवार नियोजन संघ ०७१-५४००८१
लुम्बिनी नर्सिङ होम प्रा.लि. ०७१-५४१६४१
नेपाल भारतमैत्री समाज मो. ९८४७०२५०९९
जनसेवा क्लब नयाँमिल १९५७०२१२४६
लुम्बिनी नि.व्या.संघ भैरहवा ६२१०५८
बनगाई क्लब बनगाई ०७६-६९०१०२
रेडक्रस देवदह ०७१-५७७०९९
लुम्बिनी मेडिकल कलेज ०७५-५२०८४०
बुटवल जेसिस ९८४७१२९९६४
न्यू एकता क्लव तानसेन : ०७५-५२२२००
परिवार नियोजन संघ पाल्पा : ९८४७१०२७६५
रामपुर टे.इन्स्टी.:९८५७०६२२४७,९८५७०६०५०४

## दैनिक राशिफल

**मेष** : कार्यक्षेत्रमा पिताको सहयोग मिल्नेछ। प्रभावशाली व्यक्तित्व निर्माण गर्ने समय छ।
**वृष** : व्यापार व्यवसायमा लाभ रहनेछ। आँटेका कार्यसम्पादन गर्न सकिनेछ।
**मिथुन** : चुनौती पन्छ्याउँदै अधिकार स्थापित गर्न सक्नुहुनेछ ।
**कर्कट** : प्रतियोगी परीक्षामा सफलता मिल्नेछ । मनमा खुसी छाँयनेछ ।
**सिंह** : अध्ययन शैक्षिक क्षेत्र फराकिलो हुनेछ । अवसरको प्राप्ती रहनेट ।
**कन्या** : समयमा कार्य सम्पादन गर्न सकिनेछ ।उद्योग व्यापारमा लाभ रहनेछ ।
**तुला** : विद्यार्थीहरूको तर्कशक्तिमा वृद्धि हुनेछ ।आफन्तबाट उपहार पाइएला।
**वृश्चिक** : कृषि वा पशुपालनबाट लाभ आर्जन गर्न सकिएला।
**धनु** : चुनौती पन्छ्याउँदै नयाँ कार्य गर्ने अवसर रहेको छ ।
**मकर** : माताको कुरालाई वेबास्था नगर्नुहोस्।
**कुम्भ** : प्रशंसनीय कार्यले समाजमा मान प्रतिष्ठा प्राप्त गर्न सकिनेछ।
**मीन** : इष्ट मित्रहरूबाट सहयोग पाइने छ । सञ्चित धनमा वृद्धि हुनेछ।

# साहित्य दर्पण

अनुभूति — केशु बिरही

## के म एक्लो हुँ ?




म जहाँ गए पनि एक्लो महसुस गर्छु । कतै कसैले फलाकेको आदर्शको गन्ध मिश्रित वाणी सम्झेर आफैँलाई ठम्याउने कोशिश गर्छु । मानिसले घेरिएको भीडमा गएर हेर्छु । आफ्नै परिवारमा बसेर म एक्लो होइन भन्ने कुरा साबित गर्ने प्रयास गर्छु । एकान्तमा एक्लै बसेर बुझ्ने प्रयास गर्छु, तर बदलामा केही पाउँदिनँ । र, सोच्छु - के म एक्लो हुँ ?

एक्लो के हो ? कसरी हुन्छ ? - एक्लो भन्नेबित्तिकै एकलकाँटे बुझ्दा रहेछ मान्छेहरू ? । म पनि त्यहीँ बुझ्छु जो मान्छेहरूले बुझ्ने गर्दछन् । मभित्र मौलाएको जिज्ञासालाई थेक्न सक्दिनँ म । मलाई “म” हेर्न मन लाग्छ । मलाई “म” चिन्न मन लाग्छ । म एक्लो हुँ या होइन ? - आमालाई सोध्न मन लाग्छ । आमा हुँदिनन् सोच्नेबित्तिकै साथमा । आफ्ना लागि आफैँले गरेको उटपट्याङ्ग प्रश्नको उत्तर खोज्न आफू ठूलो ऐनाअगाडि उभ्याउँछु । मुटुको स्पन्दन र मस्तिष्कलाई भावनाको विशाल लबीमा राखेर मिटिङ गर्छु । क्रमश: एक्लो मान्छेलाई नियन्त्रणमा राखेर सञ्चालन गर्ने शरीरमा अवस्थित अंग-अंगका बारेमा चिन्तन गर्छु । जब म ऐनाको सामीप्यमा पुगि आफैँभित्र हराएँ । नियालेँ - मलाई ऐनासम्म जाऊँ भन्नी आदेश दिने चेतना, त्यहाँसम्म पुग्न सहयोग गरेका दुई खुट्टा, बाटो हेर्न साथ दिने दुई नयन, ऐनालाई भित्तामा झुन्ड्याउन साथ दिएका दुई हात, मभित्र रहेका अनेक अंगहरू, दुई सय छवटा हड्डीका टुक्रा मिलेर बनेको सग्लो शरीर । यति धेरै कुराहरू मिलेर बनेको म कसरी एक्लो भएँ ? एकाएक मभित्र ढाई सय भोल्टको करेन्ट खसेको आभास भयो - म कसरी भएँ एक्लो ? अहँ, म एक्लो होइन । म एक्लो छैन । मलाई “म” बनाउन यत्ति धेरै कुराहरू एकसाथ छन् । हुनसक्छु म गलत ।

मेरो भावनाको ठम्याइ गलत छ । बाहिरी दुनियाँले देख्दा म एक्लो नै हुँ, तर एक्लो मलाई सयौंको भीडले नभएर मभित्र रहेका अनेक अंगहरूले नियन्त्रणमा राखेका छन् । सग्लो म बन्न यति धेरै विशिष्ट अंगहरू मसँगै छन् । म कसरी एक्लै भएँ ? मन र मस्तिष्कको अन्तर्द्वन्द्वले मेरो चैतन्य कमजोर भएको छ । मेरो तन्नेरी हटले दैनिकी बिग्रँदै गइरहेको छ । यी कुराको जानकारी ऐनाअगाडि उभिएको मेरो आकृतिले जनाउँदैछ । कतै म आफैँलाई उल्लू बनाएउँदै त छैन ? आफैँले गरेको स्वघोषित निर्णय सही हो कि गलत ? आफैँ निर्णयविरुद्ध जाने मनले प्रेरित गर्छ, तर मस्तिष्क मान्दैन । मन भन्छ - तिमी एक्लो छौ । मस्तिष्क भन्छ - तिमी एक्लो छैनौ । कसको पक्षपोषण गरौं ? द्विविधामा फसेको छु । भावनामा फुरेको सहज प्रश्नले मलाई अठ्यारोमा पारेको छ । मलाई थाहा छ, यो कुनै ठूलो प्रश्न होइन जो लोकसेवाको परीक्षामा सोधियोस् । यो कस्तो उल्झन ? बिना कारण उल्झिरहेको छु, तर उल्झन ठम्याउन सकेको छैन । फाल्तुका प्रश्नको बेकामे उत्तर खोज्दा-खोज्दै सकिन्छ होला जिन्दगी । जिन्दगी यस्तै पो हो कि क्या हो ? एक साँझ, शनिबार । हाँडीगाउँमा रहेको डेराबाट चाबाहिलसम्म जाने योजना बन्यो । गणेश मन्दिरमा साँझको आरती चल्दै थियो । मीठो धूपबत्तीको सुगन्ध, आरतीमा गुन्जेको मीठो भजन । मन त्यसै पुलकित भयो । एक्लो हुँ भनेर हिँडेको ‘म’ सयौँको भीडमा मिस्सियो । म एक्लो छैन जस्तो लाग्यो । मनको हार भयो, मस्तिष्कको जित । मस्तिष्क खुशीले ठूलो आवाजमा चिच्यायो - मैले त पहिले नै भनेको तिमी एक्लो हुँदै होइनौ भनेर तर तिमीले मनको कुरा सुनेर मेरो कुरा मानेनौं । म चुपचाप अनुभूति सँगालेर बसिरहेँ । मन्दिरको मांगलिक वातावरणले चाबाहिलसम्मको यात्रालाई बढाएर पशुपतिनाथसम्म पुग्ने निर्णय गरायो । केहीबेरको हिँडाइपछि पशुपति पुगेँ । मलाई धेरै मन पर्ने ठाउँ पशुपति अनि सँगै अवस्थित आर्यघाट । आर्यघाटले कहिल्यै कसैलाई विभेद गरेको देखेको छुइनँ । जो जस्तोसुकै हैसियतको भए पनि समान र समावेशी व्यवहार गरेको पाएको छु ।

म आफ्नै निजी मनगणन्ते प्रश्नको उत्तर खोज्दै पुगेको थिएँ पशुपति जुन प्रश्नको उत्तर अपरिहार्य थिएन । मनमनै दर्शन गरे भोलेनाथको । श्रद्धालुहरूको भीडमा हराउँदै टहलिए केहीबेर । बागमतीले आफ्नो धर्म भुलेको थिएन, बग्दै थियो शहरको दुर्गन्धित रहरहरू बगाउँदै । खोलाछेउमा रहेका चिताहरू प्राय: खालि थिए । एउटामा चाहिँ एक भूतपूर्व जिन्दगी जल्दै थियो । मनमनै श्रद्धाञ्जली अर्पण गरेँ मृत आत्माप्रति । जिउँदो जिन्दगीले मरेको जीवनलाई नदेखेको स्वर्गमा पुग्ने शान्तिको कामना गर्नु राम्रै होला ! पाइला अगाडि लम्की रहे, तर मेरो पुग्नुनै पर्ने कुनै गन्तव्य थिएन । पशुपतिनाथ मन्दिर पारि रहेको एउटा बास बस्न लागेको बेन्चमा गएर बसेँ - मन्दिर, मूर्ति, यताउती गर्दै गरेको मान्छेहरूको चहलपहलको दृश्यपान गर्दै । सन्ध्याकालीन आरतीको मीठो धून, घन्टी, शंख र डमरुको मीठो आवाजले मनमा एक प्रकारको शान्ति विस्तारित हुँदै गयो । वरिपरि कोही थिएन - एक्लो म अनि सिङ्गो बेन्च । छेउमै बूढा भएको रुखहरू । मनमा एक प्रकारको उर्जा भरिएर आयो - आस्थाका देव महादेवको प्रांगणमा पुगेर होला । तथापि मनभित्रको कौतुहल साम्य भएको थिएन अझै । साँझ छिप्पियो, र रातमा परिणत भयो । एक्कासि मेरो कानमा यम्बुलेन्सको आवाज ठोक्किन आइपुग्यो । आवाज झन्-झन् नजिक भएको आभास हुँदै थियो । मनमनै भनेँ - यति राति अस्पतालको बाटोमा हुनुपर्ने यम्बुलेन्स किन आर्यघाटमा ? मेरो जिज्ञासा केही मिनेटमै हल भयो । शव वहानको साट्टा यम्बुलेन्सले नै एउटा शव लिएर आएको रहेछ । शवका आफ्नाहरू शवलाई निमेषमै निकाले । शवलाई ब्रम्हनालसम्म पुऱ्याए, र पालै-पालो पानी चढाए । केही पर शवका लागि चिता तयार हुँदै थियो । आफन्ताका अनुहारमा पीडा झल्केको थियो । कोहीं रुँदै थिए । यावत् दृश्यलाई नजिकै गएर हेरिरहेको थिएँ म । फर्कनुपर्ने बेला भइसकेको थियो तर पनि छेउमा बसेर सबै सबै अवलोकन गरिरहेँ - एउटा जिन्दगीको अन्त्य हुँदै गरेको अवस्था । यसरी पहिले कहिल्यै नियालेर हेरेको थिइनँ एउटा जिन्दगीको अन्तिम संस्कार । हुन त म त्यो पार्थिवको आफ्नो मान्छे होइन, तर भावना भएको मान्छे पक्कै थिएँ । मान्छे हुनुको नाताले थोरै दुखेँ । सम्भवत रात धेरै भएकाले होला, एक जना पण्डितले छरितोसँग विधि पूरा गरे । बडेमानको पार्थिव शरीरलाई पाँच-सात जना मिलेर चितामा राखे । छोरा होला जसले मुखमा तेलमा भिजेको कपासको बत्ती ख्वायो । चारै सूरमा आगो लगायो, र बिस्तारै शवले आगो लिन थाल्यो । म अझै नजिक गएर हेरिरहेँ । जल्दै गरेको शवभित्र प्राण थिएन, कुनै मुढो जस्तै भएर जलिरह्यो । क्रमश: शरीरको एक एक अंगहरू आगोसँगै बले । नबल्दा सँगै हातमा घोचा लिएर बसेको घाटेले घ्यू थपी थपी जलाए । एकोहोरो भएर टोलाइरहँदा मनमा अनायासै फुरेको प्रश्न पुन: नजिक भयो - के म एक्लो हुँ ? हो जस्तै लाग्यो चितामा जलिरहेको त्यो जिन्दगी देख्दा । उनीसँग धेरै मान्छेहरू थिए । उनलाई बाँचुन्जेल मिल्यो होला साथ सबैको । आज उनको मृत्यु भयो, सँग सँगै जाने कोही थिएन, एक्लो थिए । नितान्त एक्लो । आउँदा एक्लै आएका थिए, जादाँ एक्लै जाँदैछन् । शून्यतामा विलीन हुँदै । रात निक्कै बितिसकेको थियो । जल्दै गरेको शव खरानीमा परिणत भयो । हेर्दाहेर्दै चिता पहिला जस्तो थियो उस्तै भयो । शवको अन्तिम यात्रामा उपस्थित मलामी फर्के । म पनि उनीहरूकै पछि-पछि लागेर बासस्थानतर्फ मोडिएँ । फर्कँदै गर्दा लाग्यो - मैले मेरो प्रश्नको उत्तर पाएँ ।**-साहित्यपोष्ट डटकम**

---

कृति/समीक्षा — केशु बिरही

# भवानीप्रसाद पोखरेलको ‘प्रयुसी’ बाल कविता सङ्ग्रह

**भवानीप्रसाद पोखरेलका सिर्जनामा विषयवस्तुको विविधता पाइन्छ जुन कुरा यस कृतिमा समावेश भएका कविताका शीर्षक हेर्दा प्रस्ट हुन आउँछ । आफूले अनुभूत गरेका वा आफूवरिपरि रहेका कुरालाई विषयवस्तु बनाउनु लेखकको धर्म नै हो । हो, यही धर्म निभाउन उनी सफल देखिएका छन् । हरेक विषयलाई टपक्क टिपेर सिर्जना गर्नु उनको विशेषता रहेको पाइन्छ । यस सग्रहभित्रका कवितालाई बाल सिंजना र बालबालिकाका लागि लेखिएका सिर्जना गरेर दुई भागमा विभाजन गरेर हेर्नुपर्ने हुन्छ । यस सग्रहभित्रका कविताहरू प्राय उपदेश तथा नैतिक शिक्षा दिने खालका छन् । केही उपदेशात्मक त केही बालबालिकालाई अनुशासनको पालना गरी अघि बढ्न आग्रह गरिएका कविता पनि छन् । त्यसो त बालबालिकालाई आफ्नो भाषा संस्कृतिको रक्षा गर्न आग्रह गरिएका, प्रकृतिको चित्रण तथा देशप्रेममा आधारित रचना पनि रहेका छन् । सारमा भन्दा यस सग्रहमा समावेस भएका रचनाहरू बालबालिका लागि उपयोगी छन् ।**

लामै सायदेखि नाम सुन्दै आएको भए पनि भौतिक रूपमा भवानीप्रसाद पोखरेलसँगको मेरो भेटघाट भने केही सालअघि मात्र भएको हो । विशेष गरेर नवराज पोखरेल ‘नवशिला’ मार्फत् मैले उनलाई राम्ररी चिन्ने अवसर पाएँ । त्यसपछि हाम्रो नियमित रूपमा भेटघाट हुँदै आएको छ । आज म उनीद्वारा लेखिएको ‘प्रयुसी’ बालकवितासग्रहका बारेमा छोटो समीक्षा लेख्तै छु । यसलाई समीक्ष नभनी पाठकीय प्रतिक्रिया भनेर बुझ्दा पनि फरक नपर्ने मेरो ठम्याइ रहेको छ ।

२०१५ साल चैत १० गते शनिवार साबिकको खार्पा, खोटाङ, ( हालको रावाबैंसी, गाउँपालिका -२), खोटाङमा पिता ईश्वरीप्रसाद पोखरेल र माता सावित्रादेवी पोखरेलका पहिलो सन्तानका रूपमा भवानीप्रसाद पोखरेलको जन्म भएको हो । विराटनगर -१०, ब्रह्मकुमारी मार्ग, मोरङमा स्थायी बसोबास रहेका उनी २०४० सालमा इनरुवा, सुनसरी निवासी पिता केदारप्रसाद बराल र माता तुलसादेवीका माहिली छोरी शिला बरालसँग विवाह बन्धनमा बाधिएका हुन् । उनीहरूका रुजा पोखरेल र डा. प्रयन पोखरेल नाम गरेका दुई सन्तान रहेका छन् । त्रिविबाट एम.ए र पूर्वाञ्चल विश्वविद्यालयबाट एम.एड् सम्मको शिक्षा लिएका उनी निजामती सेवाबाट अधकृत पदबाट स्वेच्छिक अवकाश लिएर साहित्य लेखनमा सक्रिय रहँदै आएका व्यक्ति हुन् । इनरुवा सुनसरीबाट प्रकाशित हुने ‘समचार जगत्’ साप्ताहिकमा ‘मेरो भाइ पनि पङ्स भएछ’ शीर्षकको कविता प्रकाशित गरेर नेपाली साहित्यमा प्रवेश गरेका उनी कविताका अतिरिक्त, कथा, निबन्ध, समीक्षा तथा बालसाहित्यमाकलम चलाउँछन् । उनका नै दोषी को ? (कथासग्रह - २०५४), लोडसेडिङ (कवितासग्रह- २०७३), स्वर्गद्वारी (कवितासग्रह - २०७५), सपना (कवितासग्रह -२०७६), होमियोप्याथिक (एक झलक - २०७७), हिमाल (कवितासग्रह -२०७८), साहित्यका फूलहरू (समीक्षासग्रह - २०७९), भवानी पोखरेलका कथा र अनुभूति (२०८१) र प्रयुसी (बालकवितासग्रह -२०८१) गरी १० ओटा विभिन्न विधाका साहित्यिक कृति प्रकाशित भइसकेका छन् । यसका अतिरिक्त उनका फुटकर रूपमा रचनाहरू विभिन्न पत्रपत्रिकामा प्रकाशित हुँदै आएका छन् । २०६६ सालमा नेपाल सरकारको निजामति सेवाबाट स्वेक्षिक अवकाश लिएर साहित्य लेखनमा रमाउँदै आएका भवानीप्रसाद पोखरेलले पछिल्लो समय आफूलाई मूलत: समीक्षकका रूपमा प्रस्तुत गर्दै आएका छन् । डा. नरेन्द्र चापागाई स्मृति प्रतिष्ठान, विराट साहित्य संगम, सुनसरी वाचनालय इनरुवा, प्रलेस नेपाललगायतका विभिन्न साहित्यिक सैसंस्थामा संलग्न रहँदै आएका उनी निरन्तर रूपमा लेखि रहनेमध्येमा पर्दछन् ।

प्रयुसी कवितासग्रहको विवेचना

‘प्रयुसी’ भवानीप्रसाद पोखरेलद्वारा लेखिएको बालसाहित्यिक कृति हो । विराट साहित्य संगम प्रकाशक रहेको यस कृतिमा प्रा.डा. हरिहर भण्डारीको विशेष भूमिका रहेको छ । प्रकाशकीयका तर्फबाट विराट साहित्य संगमका अध्यक्ष मधु पोखरेल र लेखकका तर्फबाट लेखकीय मन्तत्व आदि आएका छन् । जसले लेखकको कवित्वको बारेमा जान्न सजिलो भएको छ । २०८२ साल वैशाखमा प्रकाशित यस सग्रहभित्र विभिन्न भावका छोटा लामा गरेर ४८ ओटा कविता रहेका छन् । यो उनको दसौँ साहित्यिक कृतिका रूपमा बाहिर आएको छ । कवि, कथाकार तथा समीक्षकको परिचय बनाइसकेका उनी यस कृतिमार्फत बालसाहित्यकारका रूपमा पनि उपस्थित भएका छन् ।

पछिल्लो समय धेरै पढिने विधाका रूपमा विकास भएको पाइन्छ । बालसाहित्यले बालबालिकालाई पठन संस्कृतिको विकास गर्न मद्दत गर्दछ । उनीहरूलाई बाल साहित्यिक सिर्जनामार्फत पठनमा प्रवशे गराउन सकिने प्रशस्त आधारहरू रहेका छन् । त्यही भएर पनि बालसाहित्यको महत्त्व बढ्न गएको हो । भवानीप्रसाद पोखरेलका सिर्जनामा विषयवस्तुको विविधता पाइन्छ जुन कुरा यस कृतिमा समावेश भएका कविताका शीर्षक हेर्दा प्रस्ट हुन आउँछ । आफूले अनुभूत गरेका वा आफूवरिपरि रहेका कुरालाई विषयवस्तु बनाउनु लेखकको धर्म नै हो । हो, यही धर्म निभाउन उनी सफल देखिएका छन् । हरेक विषयलाई टपक्क टिपेर सिर्जना गर्नु उनको विशेषता रहेको पाइन्छ । यस सग्रहभित्रका कवितालाई बाल र्सिजना र बालबालिकाका लागि लेखिएका सिर्जना गरेर दुई भागमा विभाजन गरेर हेर्नुपर्ने हुन्छ । यस सग्रहभित्रका कविताहरू प्राय उपदेश तथा नैतिक शिक्षा दिने खालका छन् । केही उपदेशात्मक त केही बालबालिकालाई अनुशासनको पालना गरी अघि बढ्न आग्रह गरिएका कविता पनि छन् । त्यसो त बालबालिकालाई आफ्नो भाषा संस्कृतिको रक्षा गर्न आग्रह गरिएका, प्रकृतिको चित्रण तथा देशप्रेममा आधारित रचना पनि रहेका छन् । सारमा भन्दा यस सग्रहमा समावेस भएका रचनाहरू बालबालिका लागि उपयोगी छन् । यसमा विविध कुराको जानकारी पाइन्छ । बालबालिकाकालाई अभिप्रेणा जगाउने खालका छन् ।

आफ्ना सिर्जनामा सरलताले अँगाल्नु उनको निजित्व रहेको छ । यो उनको मौलिकता हो । कतिपय सन्दर्भमा कसको रचना भनेर छुट्ट्याउन कठिन हुन्छ । तर भवानीप्रसाद पोखरेललाई सहजै चिनिन्छ । यसमा समावेस रचनाहरू बालबालिकाको उमेरलाई ख्याल गरेर लेखिएको पाइन्छ । बालबालिकालाई खुराक हुने खालका कविता रहेका छन् । केही कवितालाई बालबालिकालाई केन्द्रमा राखेर लेखिएका छन् केही कविता भने बालबालिका लक्षित गरेर लेखिएका छन् । धेरैजसो बालबालिकालाई मन पर्ने विषयमा कविता लेखेका छन् । यसमा देशप्रेम जागृत गराउने खालका कविता रहेका छन् । विभेदका विरुद्धका केही कविता रहेका छन् । भाषाशैली र शब्दको प्रयोगले बालबालिकाका लागि बोधगम्भ बन्न पुगेको छ । पापा, माम, हाम्म जस्ता शब्दको प्रयोग गरिएका छन् । यसमा आएका पँधेरो, अँगेनो, खोलेजस्ता शब्दले बालबालिकालाई पुराना कुराको जानकारी दिने काम गरेको छ । किनकि यस्तो कुराको जानकारी हराउँदै गएका छन् ।

सिर्जनामार्फत भए पनि यस्ता कुराको जानकारी दिन खोजनु लेखकको उद्देशय रहेको देखिन्छ । यो लेखकको निजत्व पनि हो । यो नै उनको शक्ति पनि हो । केही कविता र केही श्लोकमा बोकेका छन् । झ्याउरे लयमा, लोकलयमा लेखिएका । उनका कवितामा गेयत्कमता पाइन्छ । कविता राम्रा हुँदाहुदै पनि केही असावधानीका कारण केही कमजोरी भने अवश्य नै रहेका छन् । यसलाई बालबालिकामलाई पढ्न सहज हुने खालको बनाउन सकिने अवस्था थियो । त्यस्तै आवरणमा वास्तविक तस्बिरका ठाउँमा कलात्मक तस्बिर राखेको भए बेस हुने थियो । कृतिभित्रको लामो भूमिकाले यो कृति बालबालिकाका लागि नभएर बालबालिकाका विषयमा पाकाले लेखेको कृति बन्न पुगेको छ । पहिलो कुरा त बाल साहित्यिक कृतिमा यसरी भूमिका लेखाउन जरुरत नै ठानिन्न । लेखिगए पनि सरल तथा सटिक हुन आवश्यक छ । किनकि बालबालिकाले यति गहन कुरा कुरा बुझ्नै सक्तैनन वा बुझ्ने उमेर नै भएको हुँदैन । यस कुरामा लेखक तथा भूमिका लेख्ने दुवै जना चुकेको देखिन्छ । भवानीप्रसाद पोखरेललाई सारमा चिन्दा उनी एक जना साहित्यलाई माया गर्ने असल स्रष्टा हुन् । उनी निकै मेहनती छन् । केही न केही लेखिरहन्छन् । निरन्तर रूपमा साहित्य साधानामा लागिरहेका हुनाले उनीबाट अझै साहित्यमा थप कृतिको आशा गर्न सकिन्छ । स्रष्टा पोखरेलको थप साहित्यिक उन्नयनको कामना गर्दछु । जय साहित्य ।

**-समकालिन साहित्य डटकम**

# प्याब्सन पाल्पाले बुझायो ज्ञापनपत्र



**पाल्पा,** साउन ३०/निजी तथा आवासीय विद्यालय अर्गनाइजेसन, नेपाल (प्याब्सन) पाल्पाले विद्यालय शिक्षा विधेयकमा व्यवस्था गरेका केही प्रावधानहरु सच्याउन माग गर्दै सम्बन्धित निकायलाई ज्ञापन पत्र बुझाएको छ ।

बिहीबार स्थानीय तहलाई ज्ञापनपत्र बुझाएको प्याब्सनले शुक्रबार जिल्ला समन्वय प्रमुख टंकनाथ खनाल, प्रमुख जिल्ला अधिकारी तोयनारायण सुवेदी, शिक्षा विकास तथा समन्वय इकाईका प्रमुख प्रेम खरेललाई ज्ञापनपत्र बुझाएको हो ।

प्याब्सन जिल्ला अध्यक्ष डाँसुराम पन्थसहित गएको जिल्लाको टोलीले शिक्षा विधेयकमा भएका प्रावधान सच्याउन माग गर्दै ज्ञापनपत्र बुझाएका हुन् । शिक्षा, स्वास्थ्य तथा सूचना प्रविधि समितिबाट प्रस्तावित विद्यालय शिक्षा विधेयकमा निजी विद्यालयलाई क्रमश: गैरनाफामूलक बनाउने, पूर्ण छात्रवृत्ति दिने शब्दावली राख्ने, छात्रवृत्तिको दायरा विस्तार गर्ने लगायतका प्रावधान आफूहरूको हितविपरीत भएको भन्दै चरणवद्ध आन्दोलन स्वरुप ज्ञापनपत्र बुझाइएको प्याब्सन जिल्ला अध्यक्ष पन्थले बताए ।

प्याब्सनले कार्यक्रम नै सार्वजनिक गरेर आन्दोलनमा उत्रिएको छ । पहिलो दिन साउन २९ गते स्थानीय सरकारलाई ज्ञापनपत्र बुझाउने, साउन ३० गते जिल्ला प्रशासन कार्यालय, शिक्षा विकास तथा समन्वय एकाइ र जिल्ला समन्वय समितिमा ज्ञापनपत्र बुझाइने, भदौ १ गते आ-आफ्नो निर्वाचन क्षेत्रका संघीय सांसदहरूलाई ज्ञापनपत्र बुझाइने कार्यक्रम तय गरिएको प्याब्सनका जिल्ला सचिव गंगाबहादुर खत्रीले बताए ।

प्याब्सनका अनुसार सरकारले विद्यालय शिक्षा विधेयकका चार बुँदा संशोधन नगरे आन्दोलनको स्वरूप क्रमश: कडा बनाइनेछ । ती चार मागमा 'क्रमश: गैरनाफामूलक बनाइनेछ' भन्ने वाक्यांश हटाउनुपर्ने, 'पूर्ण छात्रवृत्ति' भन्ने शब्द हटाउनुपर्ने, हालको जम्मा विद्यार्थी संख्याको १० प्रतिशत छात्रवृत्ति दिने प्रावधानलाई निरन्तरता दिनुपर्ने र छात्रवृत्तिमा भर्ना शुल्क, वार्षिक शुल्क तथा मासिक पढाइ शुल्क समावेश गर्नुपर्ने व्यवस्था राख्नुपर्ने समावेश छन् ।

# पाल्पा आँखा अस्पतालको वार्षिक समीक्षा तथा गोष्ठी



**पाल्पा,** साउन ३०/तानसेनमा आँखा अस्पतालको वार्षिक समीक्षा तथा गोष्ठी भएको छ । नेपाल नेत्रज्योति संघ र पाल्पा लायन्स लाकोल आँखा अस्पताल तथा यस अन्तर्गत रहेका आँखा उपचार केन्द्रहरुको वार्षिक समीक्षा तथा गोष्ठी गरिएको हो ।

कार्यक्रममा अस्पताल र अस्पताल अन्तर्गतका संस्थाहरुले आ-आफ्नो संस्थाको वार्षिक कार्यप्रगति सार्वजनिक गरेका छन् । पाल्पा लायन्स लाकोल आँखा अस्पतालका आउटरिच कोर्डिनेटर सन्तोष दर्जीले बार्षिक प्रतिबेदन प्रस्तुत गरेका थिए । उनले अस्पतालमा डाक्टरको अभाव भएको, नेपाल सरकारले लागु गरेको रेफर सिस्टमले अप्ठ्यारो पारेको बताए ।

अस्पतालका निमित्त व्यवस्थापक जीवनाथ गैरेले करिब ३ करोड ४९ लाख ९१ हजार १ सय ७३ रुपैया बराबरको आर्थिक प्रतिवेदन प्रस्तुत गर्दै उपचार केन्द्रहरुमा घाटा बजेट भएको बताए । कालीगण्डकी आँखा उपचार तथा सर्जिकल सेन्टरका प्रमुख सुन्दर रानाले वार्षिक प्रतिवेदन प्रस्तुत गर्दै रामपुरमा स्थानीय निकाय, दाताहरुको राम्रो सहयोग र सहकार्य रहेको उल्लेख गरे । उनले भविष्यमा आँखा उपचार केन्द्रलाई अस्पतालमा परिवर्तन गर्ने तयारी भएको बताए । तिनाउ आखा उपचार केन्द्रका प्रमुख रमेश साहनीले उपचार केन्द्रको प्रतिवेदन प्रस्तुत गर्दै आर्थिक अभाव र उपकरणको अभावका कारण आँखा उपचारको काम गर्न कठिनाइ भएको भन्दै अस्पताल व्यबस्थापन समितिको ध्यानाकर्षण गराए ।

कार्यक्रम अस्पताल व्यवस्थापन समितिका सभापति बुद्धि प्रसाद शर्माको सभापतित्व र सचिव राजेन्द्र लिगलको सञ्चालनमा कार्यक्रम भएको थियो ।

# छुट्टाछुट्टै सवारी दुर्घटनामा

यस्तै मोरङको पथरी शनिश्चरे नगरपालिका-१ स्थित सडकमा ट्रकको ठक्करबाट पैदलयात्रीकमो मृत्यु भएको छ । को.१ क ९७५१ नम्बरको ट्रकको ठक्करबाट पैदलयात्री हाल नाम, थर र वतन नखुलेकी अन्दाजी ३५ वर्षीया महिलाको मृत्यु भएको हो ।

ठक्करबाट गम्भीर घाइते भएकी उनको मदन भण्डारी अस्पताल तथा ट्रमा सेन्टर मंगलबारेमा उपचारको क्रममा मृत्यु भएको प्रहरीले जनाएको छ । यस्तै सर्लाही, चक्रघट्टा गाउँपालिका-५पडरियास्थित सडकमा मोटर साइकलको ठक्करबाट पैदलयात्रीको मृत्यु भएको छ । बीआर ३० एजी ५०३६ नम्बरको मोटरसाइकलको ठक्करबाट पैदलयात्री सोही ठाउँ बस्ने ६० वर्षीय बरन बैठाको मृत्यु भएको हो । ठक्करबाट गम्भीर घाइते भएका उनको प्रादेशिक अस्पताल मलंगवामा उपचारको क्रममा मृत्यु भएको प्रहरीले जनाएको । साथै दुर्घटनामा घाइते भएका मोटरसाइकल चालक र अन्य १ जना पैदलयात्रीको सोही अस्पतालमा उपचार भइरहेको छ । चारवटै दुर्घटनाका विषयमा आवश्यक अनुसन्धान भइरहेको केन्द्रीय प्रहरी समाचार कक्षले जनाएको छ ।

## खेलकुद समाचार

### टप एन्ड टी-२० सिरिज : नेपाल एनटी स्ट्राइकसँग पराजित



**काठमाडौं,** साउन ३०/अस्ट्रेलियाको नर्दन टेरिटोरीमा जारी टप एण्ड टी-२० सिरिजको आफ्नो पहिलो खेलमा नेपाल नर्दन टेरिटोरी (एनटी) स्ट्राइकसँग पराजित भएको छ । नेपाललाई एनटीले ४२ रनले हराएको हो ।

एनटीले दिएको १७८ रनको लक्ष्य पछ्याएको नेपालले २० ओभरमा ८ विकेट गुमाएर १३५ रन मात्र बनाउन सक्यो । नेपालका लागि कुशल मल्लले सर्वाधिक ३४ रन बनाए भने गुल्शन झाले २६ रन बनाए । कप्तान रोहित पौडेलले २३ रन बनाए । एनटीका लागि म्याट हामोन्डले ३ विकेट लिए भने टम एन्ड्रयुज र केन रिचार्डसनले २-२ तथा हामिश मार्टिनले १ विकेट लिए । त्यसअघि टस हारेर पहिले ब्याटिङको निम्तो पाएको एनटीले २० ओभरमा ८ विकेट गुमाएर १७७ रन बनाएको थियो ।

एनटीका लागि कप्तान तथा ओपनर डार्सी शर्टले सर्वाधिक ५१ रनको अर्धशतकीय पारी खेले । त्यस्तै टम एन्ड्रयुजले अविजित ३२ रन बनाए । नेपालका लागि सन्दीप लामिछानेले ४ ओभरमा ३८ रन दिएर ३ विकेट लिए । शाहब आलमले ३२ रन दिएर २ विकेट तथा रुपेश सिंह, दिपेन्द्रसिंह ऐरी र कप्तान रोहित पौडेलले १-१ विकेट लिए । एनटी स्ट्राइकले सन् २०२३ मा भएको सिरिजको पहिलो संस्करणको उपाधि जितेको थियो भने गत वर्ष सेमिफाइनलसम्म पुगेको थियो । २४ अगस्टसम्म डार्विन र पामरस्टनमा हुने यस प्रतियोगितामा नेपाली राष्ट्रिय क्रिकेट टोलीसहित ११ टोलीले ३६ लिग खेल खेल्ने छन् । नेपालले अब शनिबार बंगलादेश 'ए' सँग खेल्नेछ ।

## अर्थ/कर्पोरेट समाचार

### वाणिज्य बैंकहरूको नाफामा वृद्धि




**पाल्पा,** साउन ३०/वाणिज्य बैंकहरुले नाफामा उल्लेखीय वृद्धि गरेका छन् । आर्थिक वर्ष २०८१/८२ को चौथो त्रैमासको अन्त्यसम्ममा बैंकहरूले आफ्नो खुद नाफामा उल्लेख्य वृद्धि गरेका हुन् ।

प्रकाशित तथ्याङ्ख्य अनुसार, बैंकहरूको समग्र खुद नाफा गत वर्षको तुलनामा ४३ दशमलव ६८ प्रतिशतले बढेर ७१ अर्ब १८ करोड ४४ लाख रुपैयाँ पुगेको छ । गत आर्थिक वर्षको सोही अवधिमा बैंकहरूले ४९ अर्ब ५४ करोड ५४ लाख रुपैयाँ खुद नाफा आर्जन गरेका थिए । सञ्चालनमा रहेका २० वाणिज्य बैंकहरुमध्ये १६ वटाको नाफा बढेको छ भने बाँकी ४ वटाको घटेको छ । नाफा बढ्ने बैंकमध्ये पनि केहीको वृद्धिदर निकै अस्वाभाविक (उच्च दर) रहेको देखिन्छ । ती बैंकमध्ये केहीको वृद्धिदर शतप्रतिशतले बढेको छ भने केहीको त्योभन्दा धेरैले पनि बढेको देखिन्छ । यसको कारण बैंकहरुले गत वर्षको चौथो त्रैमासको अपरिष्कृत तथ्यांक अघिल्लो आर्थिक वर्षको परिष्कृत (अडिट भएको) तथ्यांकसाग तुलना गर्नु नै हो । त्यसो त जहिले पनि बैंकहरुको गत वर्षको यही अवधिको विवरणसँग नै तुलना गर्ने हो । तर, गत वर्ष बैंकहरुले प्रकाशित गरेको चौथो त्रैमासको अपरिष्कृत तथ्यांकका तुलनामा परिष्कृत तथ्यांकबीच धेरै फरक परेकाले त्यसको तुलनामा यस वर्ष नाफा धेरैले बढेको देखिएको हो । सरल भाषामा भन्दा बैंकहरुले गत वर्ष अपरिष्कृत वित्तीय विवरणमा देखाएको नाफाभन्दा परिष्कृत (लेखापरीक्षण भएको) विवरणमा नाफा धेरै कम देखाएका थिए । यसरी नाफा वृद्धिदर धेरै हुने बैंकहरूमा कुमारी, नेपाल बैंक, राष्ट्रिय वाणिज्य, प्रभु लगायत छन् ।

मनको आवाज............
'नाम पनि यूनिक, काम पनि यूनिक'
यूनिक एफ.एम. ९४.२ मेगाहर्ज
विज्ञापनको लागि सम्पर्क :
यूनिक शोसियल कम्यूनिकेशन प्रा.लि.
तानसेन, पाल्पा
०७५-५२१४६४, ५२१४६६
E-mail
news.uniquefm@gmail.com
www.uniquefm942.com

# कर्मचारी आवश्यकता सम्बन्धी सूचना

**प्रथम पटक प्रकाशन मिति : २०८२/०४/२८**

हेफर इन्टरनेशनल नेपालको आर्थिक सहयोग र ग्रामीण आर्थिक विकास संघ (रेडा) पाल्पाको सहजीकरणमा सञ्चालित Innovations in Agri-Livestock Value Chains परियोजना अन्तर्गत मिलनसार सामाजिक उद्यमी महिला सहकारी संस्था लिमिटेड मार्फत तानसेनमा संचालित मिलनसार तरकारी प्रशोधन केन्द्रका लागि बजार सहजकर्ता पदको आवश्यकता भएकोले रित पुगेका नेपाली नागरिकहरुबाट यो सूचना प्रकाशन भएको मितिले १५ दिनभित्र दरखास्त आह्वान गरिन्छ ।

**१. आवश्कता सम्वन्धी विवरण :**

**क) पद :** बजार सहजकर्ता (Market Facilitator)

**पद संख्या :** १ (एक) जना

**न्युनतम योग्यता र कार्यानुभव :**

- १२ कक्षा उत्तिर्ण गरी सम्बन्धित क्षेत्रमा कम्तीमा २ वर्षको कार्यानुभव भएको । तरकारी संकलन गरि तरकारीको बजारीकरण गर्न सक्ने । तरकारी संकलन केन्द्रको व्यस्थापन गर्न सक्षम भएको । सवारी साधन भएको लाई प्राथमिकता । लेखा व्यवस्थापन सँग सम्बन्धित कार्यहरु गर्न सक्ने ।

मुख्य जिम्मेबारी :

- तरकारी संकलन गरि बिक्रि गर्ने ।
- तरकारीको आय व्यय चुस्तदुरुस्त राख्ने ।
- बजार तथा ग्राहकहरुको पहिचान गर्ने ।

**२. सेवा सुविधा :** संस्थाको नियमानुसार हुनेछ ।

**३. दरखास्त दिने अन्तिम मिति :** २०८२/०५/१२ गते कार्यालय समय भित्र ।

**४. परिक्षाको किसिम :** लिखित, अन्तवार्ता र आवश्यकता अनुसार प्रयोगात्मक

**५. आवश्यक कागजातहरू :** निवेदन, व्यक्तिगतविवरण (बायोडाटा), शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपि, नागरिकताको प्रतिलिपि, सम्बन्धित विषयको कार्यानुभव प्रमाणित प्रतिलिपि, पासपोर्ट साईजको फोटो र अन्य आवश्यक कागजातहरूको प्रमाणित प्रतिलिपी स्क्यान गरी milansarsahakari65646@gmail.com मा इमेल वा मिलनसार तरकारी प्रशोधन केन्द्र होलाङ्दी दरखास्त दिने सकिने छ । **थप जानकारीका लागि सम्पर्क नं.९८५७०६८३०२**

हरेक प्रहरका ताजा समाचारका लागि www.shittalpati.com क्लिक गर्नुहोस् ।




कैलाशनगर मिडिया प्रा.लि.द्वारा प्रकाशित, कार्यालय:कैलाशनगर-५,तानसेन,पाल्पा,फोन:०७५-५२०६०१,E-mail:njdnews@gmail.com पा.जि.हु.द.नं. ५/२०७८/०७९, पा.जि.प्र.का.द.नं. १९/०५१/०५२ प्रबन्धक : इन्द्रा भट्टराई, सम्पादक: रामचन्द्र रायमाझी, प्रधान सम्पादक: जगदीशप्रसाद भट्टराई